



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३१६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर २१ गते मंगलबार ❑ 7 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## नेपालमा पनि ओमिक्रोन भेरियन्ट देखिएसँगै उच्च सतर्कता

**रासस**
**काठमाडौं, २० मंसिर**

नेपालमा कोभिड-१९ को भाइरसमा नयाँ उत्परिवर्तन ओमिक्रोन भेरियन्ट देखिएको छ।

यही मङ्सिर ८ गते दक्षिण अफ्रिकामा देखिएको ओमिक्रोन भेरियन्ट त्यसको १२ दिनपछि नेपालमा देखिएको हो । नेपालमा पनि आइतबार राति टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षणका क्रममा दुई व्यक्तिमा सो भेरियन्ट देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार नयाँ भेरियन्ट पुष्टि भएको देश हुँदै त्रिभुवन अन्तरराष्ट्रिय हवाई नाका प्रयोग गरी नेपाल प्रवेश गरेका एक ६६ वर्षीय विदेशी नागरिक र उनको सम्पर्कमा आएका ७१ वर्षीय अर्का एकजनामा ओमिक्रोन भेरियन्ट देखिएको हो । दुवै जनाको प्रयोगशालाको जीन सिक्वेन्सिङ गर्दा ओमिक्रोन देखिएको हो । नेपालमा पहिलो पटक कोभिड-१९ को संक्रमण २०७६ माघ ९ गते देखिएको थियो । चीनको वुहानबाट नेपाल आएका एक जनामा संक्रमण देखिएको थियो ।

विदेशी नागरिकको सुरुमा नेपाल आउँदा पिसिआर गर्दा नेगेटिभ देखिएको र कोरोना भाइरस विरुद्धको खोपको मात्रा पूरा गरेको पाइएको थियो । त्यसपछि मङ्सिर ७ गते ती विदेशी र उनका नजिकको सम्पर्कमा आएका एक ७१ वर्षीय व्यक्तिको कोभिड-१९ सँग मिल्दाजुल्दा लक्षण देखिएपछि परीक्षण गर्दा कोभिड-१९ को नतिजा पोजेटिभ आएको थियो ।

'कोभिड-१९ पोजिटिभ आएकाको S–gene परीक्षण गर्नुपर्ने हालको नयाँ रणनीतिअनुरुप परीक्षण गर्दा दुवै जनाको नमूनामा S–gene फेला परेको थिएन', उहाँले भन्नुभयो, 'S–gene फेला नपरेका उक्त दुवै नमूनाको टेकु प्रयोगशालामा जीन सिक्वेन्सिङ गर्दा कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोन नेपालमा पहिलो पटक पुष्टि भएको हो ।'

उहाँका अनुसार हाल दुवै जना सरकारले तोकेको मापदण्डानुसार आइसोलेसनमा रही स्वास्थ्यलाभ गरिरहेका छन् । ती दुई संक्रमितमा कुनै लक्षण नदेखिएको र स्वास्थ्यकर्मीको निगरानीमा रहेको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिनुभयो । मन्त्रालयले उक्त दुई व्यक्तिसँग सम्पर्कमा आएकाको कन्ट्र्याक्ट ट्रेसिङगमा रहेका ६६ जनाको पिसिआर परीक्षण गर्दा नेगेटिभ रिर्पोट आएको छ । नेपालमा ओमिक्रोन भेरियन्ट देखिएसँगै निगरानीका लागि सर्भिलेन्स तथा कन्ट्याक्ट ट्रेसिङ्गको कार्यलाई थप प्रभावकारी बनाइएको उहाँले बताउनुभयो । ओमिक्रोनको जोखिम न्यूनीकरण गर्न सरकारले विभिन्न प्रयास जारी राखेको छ । नेपालले अन्तरराष्ट्रिय हवाई तथा स्थल नाकामा यात्रुको आवतजावतलाई व्यवस्थित गर्न सबै यात्रुको नेगटिभ पिसिआर रिपोर्ट अनिवार्य गरेको छ ।

यस्तै खोपको विवरण लिने गरेको, लक्षण तथा चिन्हको जाँच गर्ने व्यवस्था गरेको तथा हवाई र स्थल नाका भई प्रवेश गर्ने पूर्णमात्रा खोप नलगाएका र शंकास्पद सबै यात्रुको एन्टिजेन परीक्षण गर्ने गरिएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिनुभयो । एन्टिजेन परीक्षणमा पोजेटिभ फेला परेकाको नमूना सङकलन गरी पिसिआर गर्ने र शङ्कास्पद नमूनाको जीन सिक्वेन्सिङ गर्ने गरिएको छ ।

यस्तै विगत एक महिना अगाडिदेखि पोजिटिभ भएका नमूनाको थप परीक्षण गर्ने गरिएको उहाँले बताउनुभयो । यही मङ्सिर १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले ओमिक्रोन फैलिन नदिन दक्षिण अफ्रिका, बोत्सवाना, जिम्वाब्बे, नामिबीया, लेसोथो, इसवाटिनी, मोजाम्बिक, मलावी र हङकङबाट नेपाल आउनेलाई प्रवेश अनुमति नदिने निर्णयसमेत गरेको छ ।

ओमिक्रोन भाइरस सर्ने दर र सङक्रमणबाट हुने स्वास्थ्य जटिलताका सम्बन्धमा वैज्ञानिक तथ्यको खोज भइरहेको छ । ओमिक्रोन भेरियन्टमा धेरै संख्यामा उत्परिवर्तन रहेका र तीमध्ये केही चिन्ताजनक रहेका छन् ।

कोभिड-१९ का अरु भेरियन्ट जस्तै ओमिक्रोनको सङक्रमणबाट बच्न पनि जनस्वास्थ्यका सवै मापदण्डको पालना (मास्कको सही प्रयोग, भौतिक दुरी कायम गर्ने, भीडभाड नगर्ने तथा हात धुने कार्य, हावा आवतजावत रामो हुने स्थानमा बस्ने) र खोपको प्रयोग महत्वपूर्ण हुने भएकाले सबैमा मापदण्डको पालना गर्न र खोप अभियानमा सहभागी हुन मन्त्रालयले अनुरोध गरेको छ ।

ओमिक्रोन भेरियन्ट विश्वका ३५ देशमा फैलिसकेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । ति देशमा ५७४ जना उक्त भेरियन्टबाट संक्रमित भएका छन् । विश्व स्वास्थ्य संगठनले गरेको प्रारम्भिक आकलनअनुसार दक्षिण पूर्वी एसियामा ओमिक्रोनको उच्च जोखिम रहेको उल्लेख छ । दक्षिण एशियाका केही देशमा समेत ओमिक्रोन भेरियन्ट पुष्टि भइसकेको छ । भारतमा गत शुक्रबार मात्र संक्रमण भएको पुष्टि भएको थियो ।

## महिला हिंसा न्यूनिकरण सम्बन्धी कानून बनाउँछौ : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, २० मंसिर**



गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले महिला हिंसा न्यूनिकरण सम्बन्धि कानून निर्माण बनाउन तर्फ आफु अग्रसर रहेको बताउनुभयो ।

सोमबार पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) ले आयोजना गरेको 'व्यवसायमा महिला हिंसा सचेतना' विषयक कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री थापाले महिला हिंसा घटनाका विषयमा समाजमा उठेका विभिन्न विषयलाई आत्मसात् गर्दै कानून निर्माण गर्ने प्रक्रियामा गण्डकी सरकार लागि परेको उल्लेख गर्नुभएको हो ।

उहाँले शिक्षा नै महिला हिंसा न्यूनिकरणको आधार भएको बताउनुभयो । 'शिक्षा नै महिला हिंसा न्यूनिकरणको आधारस्तम्भ हो । शिक्षित समाजमा हिंसात्मक गतिविधि पनि कम हुने गर्छन् । त्यसैले सबैमा शिक्षाको पहुँच हुनुपर्ने आवश्यकता छ । जसमा हामी प्रतिबद्ध छौं ।', उहाँले भन्नुभयो । पछिल्लो समय महिलाहरु व्यवसायिक क्षेत्रमा समेत सक्रिय रुपमा लाग्दा सामाजिक विकृति विसंगति केही हदसम्म भएपनि हराउँदै गएको मन्त्री थापाको भनाई छ ।

'महिलाहरु पनि सक्षम छन् भन्ने सन्देश समाजमा प्रवाह भइरहेको छ । समाजिक र राजनीतिक रुपान्तरणमा महिलाहरुको भूमिका अब्बल साबित भएको छ । सरकारले महिलाहरुलाई सहजै व्यवसाय गर्ने सजिलो होस् भन्दै सुलभ ब्याजदरमा विना धितो कर्जा उपलब्ध गराउने कार्यले सकरात्मक सन्देश प्रवाह गरेको अवस्था छ ।', उहाँले भन्नुभयो ।

महिला हिंसा हुँदा लुकाउने प्रवृतिले समाजमा अपराध गर्नेहरु बढ्दै गएको र काम भन्दा कुरा बढी गर्ने समस्याबाट समाज ग्रसित भएको अभिव्यक्ति मन्त्री थापाको थियो। यस्तो समस्यालाई समाधान गर्दै सभ्य समाज निर्माणमा सबै लाग्नुपर्ने आवश्यकतालाई उहाँले औंल्याउनुभयो । गण्डकी प्रदेशकी सांसद मिना गुरुङले द्वन्द्वकालिन समयदेखि आजसम्म महिलाहरु अधिकारका लागि लडिरहेको बताउनुभयो। जबसम्म महिलाहरुको एउटै आवाज हुँदैन तबसम्म अधिकारबाट वञ्चित भइराख्नुपर्ने भनाई उहाँको थियो । गुरुङले देशमा महिला अधिकारका कानून निर्माण भएता पनि कार्यान्वयन पक्ष फितलो हुँदा समस्या देखिएको बताउनुभयो । पर्यटन व्यवसायी गणेश बहादुर भट्टराईले महिला हिंसा न्यूनिकरणका लागि शिक्षा महत्वपूर्ण भएको बताउनुभयो । शिक्षित समाजमा महिला हिंसाका गतिविधि शुन्य रहेको तर्क उहाँको थियो । भट्टराईले घरका अभिभावकले छोराछोरीलाई हेर्ने दृष्टिकोणमा परिवर्तनल्याउनुपर्नेआवश्यकतालाई औंल्याउनुभएको थियो । आफुले पर्यटन व्यवसायको ३० वर्षको अनुभवमा महिलाहरुको आकर्षण सोचेजस्तो नपाएको बताउँदै यसतर्फ ध्यान पुर्याउन आग्रह गर्नुभयो ।

टेवानकी संस्थापक अध्यक्ष तथा सफल पर्यटन व्यवसायी लक्की कार्की क्षेत्रीले परम्परा र संस्कृतिमाथि औंला नउठाई आइपर्ने अवरोध र बाधालाई उजागर गर्नुपर्ने आवश्यकता अहिलेको भएको बताउनुभयो । हिसांत्मकघटनालेसम्पत्तिकोक्षति हुनु, शारिरिक कमजोरी हुँदा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कांग्रेसले महाधिवेशनमा शक्ति प्रदर्शन गर्दैन : सभापति देउवा

**रासस**
**काठमाडौं, २० मंसिर**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मुलुकमा कोरोना महामारी कायमै रहेकाले पार्टीको १४ औं महाधिवेशनमा धेरै मानिस उतारेर शक्ति प्रदर्शन नगर्ने बताउनुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार उहाँले कांग्रेस बिटमा समाचार लेख्ने सञ्चारकर्मीहरुसँग कुरा गर्दै महाधिवेशनको उद्धाटनमा जनतालाई दुःख दिने गरी भिडभाड नगर्ने बताउनुभएको हो । कांग्रेसको १४ औं महाधिवेशन यही मङ्सिर २४ देखि २६ गतेसम्म काठमाडौंमा हुँदैछ । प्रधानमन्त्री देउवाले आफूले पार्टीको विधानबमोजिम एक पटक पुनः सभापतिमा उम्मेदवारी दिने बताउँदै सहयोगका लागि सञ्चारकर्मीलाई आग्रह समेत गर्नुभयो । उहाँले आफू प्रधानमन्त्री पनि रहेको र एक पटक पुनः सभापति जितेमा अझै राम्रो गर्ने उल्लेख गर्नुभयो ।

आफू अहिले गठनबन्धनका तर्फबाट प्रधानमन्त्री रहेको अवस्थामा पुनः सभापति हुँदा पार्टी र सरकारले राम्रो गर्ने उहाँको भनाइ थियो । साथै उहाँले आफू सभापति बन्ने यो मौका अन्तिम पटक भएको र त्यसपछि विधानले नै सभापति बन्न रोक्ने अवगत गराउनुभयो । प्रधानमन्त्री देउवाले फरक प्रसंगमा सत्ता गठबन्धन दलहरुबीच चुनावी गठनबन्धन तत्काल राष्ट्रियसभा सदस्य निर्वाचनसम्मका लागि तय भएको र बाँकी निर्वाचनमा के गर्ने भन्ने सम्बन्धमा छलफल हुन बाँकी रहेको बताउनुभयो ।

## थप २६५ जनामा कोरोना संक्रमण पुष्टि, २ को मृत्यु

**रासस**
**काठमाडौं, २० मंसिर**

देशभर पछिल्लो २४ घण्टामा थप २६५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । यस अवधिमा आठ हजार ६१७ जनाको पिसिआर परीक्षण गरिएको थियो ।

योसँगै नेपालमा पिसिआर विधिबाट कोरोना परीक्षण गर्रिंदा सङ्क्रमितको सङ्ख्या आठ लाख २२ हजार ८३० पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या ९५ हजार ६१९ पुगेको छ । पछिल्लो समय थप ३५७ जना कोरोनाबाट निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या आठ लाख चार हजार ९०१ पुगेको छ । निको हुने दर ९७ दशमलव आठ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट दुई जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५४३ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ । त्यसैगरी, पछिल्लो समय एक लाख ६ हजार ६१० जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ । हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ६ हजार ३८६ छ ।

## राजदूतत्रयको नाम अनुमोदन

**पोखरापत्र संवाददाता**
**पोखरा, २० मंसिर**

संघीय संसद् संसदीय सुनुवाइ समितिले भारत, बेलायत र अमेरिकाका लागि प्रस्तावित नेपाली राजदूतको नाम सर्वसम्मतिले अनुमोदन गरेको छ। समितिको सोमबारको बैठकलेभारतकालागिप्रस्तावित डा शंकर शर्मा, बेलायतका लागि प्रस्तावित ज्ञानचन्द्र आचार्य र अमेरिकाका लागि प्रस्तावित श्रीधर खत्रीबाट आ-आफ्नो अनुभव, योग्यता, सोच र अवधारणासम्बन्धी जानकारी लिएपछि उहाँहरुका नाम सर्वसम्मतिले अनुमोदन गरेको हो ।

समितिका सभापति लक्ष्मणलाल कर्णले प्रस्तावित तीनैजना राजदूतको नाम समितिबाट सर्वसम्मतरुपमा अनुमोदन भएको जानकारी दिनुभयो ।

## शिक्षाको गुणस्तर वृद्धिका लागि सरोकारवालाको चासो आवश्यक छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**दमौली, २० मंसिर**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखेलले शिक्षाको गुणस्तर वृद्धिका लागि सरोकारवालाको चासो आवश्यक रहेको बताउनुभएको छ ।

तनहुँको भानु नगरपालिका-११ मानेचौकास्थित त्रिभुवन क्याम्पसको आज आयोजित २३औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै सबैको चासो भए मात्रै शिक्षाको गुणस्तरमा सुधार आउने जिकिर गर्नुभयो । शिक्षाको गुणस्तर सुधार्न अभिभावक, विद्यार्थी, शिक्षक सबैको चासो र चिन्तन आवश्यक रहेकामा मुख्यमन्त्री पोखरेलले जोड दिनुभयो। उहाँले सबै विद्यालयमा प्राविधिक र गुणस्तरीय शिक्षालाई प्रदेश सरकारले प्राथमिकतामा राखेको उल्लेख गर्नुभयो ।

गण्डकी प्रदेशलाई पूर्ण साक्षर घोषणा गरिसकिएको भन्दै मुख्यमन्त्री पोखरेलले अब साक्षरताको अनुगमन र कार्यान्वयमा जोड दिइने बताउनुभयो ।

क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष टेकबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भानु नगरपालिकाका प्रमुख उदयराज गौलीले शिक्षालाई नगरपालिकालेप्राथमिकतादिएको बताउनुभयो । वार्षिकोत्सवका अवसरमा क्याम्पसले आयोजना गरेको विभिन्न प्रतियोगिताका विजेतालाई मुख्यमन्त्री पोखरेलले पुरस्कार वितरण गर्नुभएको थियो ।




# पोखरा सिटी टुर गाइड एशोसिएशनका अध्यक्षमा गौतम

**पोखरापत्र संवाददाता**
**पोखरा, २० मंसिर**

पोखरा सिटी टुर गाइड एशोसिएशनको तेस्रो वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशनबाट दिनेश गौतम सर्वसम्मत अध्यक्षतामा चयन हुनुभएको छ।

अधिवेशनबाट प्रथम उपाध्यक्ष निर्मला सुवेदी, द्वितीय उपाध्यक्षमा आनन्द गुरुङ, सचिवमा सरस्वती थापा, कोषाध्यक्षमा बुद्धिसागर देवकोटा, सहसचिवमा खमानसिंह गुरुङ सर्वसम्मत चयन हुनुभएको छ। यसैगरी सदस्यमा झपेन्द्रबहादुर भुजेल, तुलसी अधिकारी, पुष्पराज पौडेल र प्रेमप्रसाद सुवेदी रहनुभएको छ। नवनिर्वाचित अध्यक्ष गौतमले पोखराको पर्यटन क्षेत्रको विकासका लागि सिटी टुर गाइडको महत्वपूर्ण भूमिका रहेको जनाउँदै आगामी दिनमा संस्थाको उद्देश्यअनुरुप कार्ययोजना बनाएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले संस्थाको दायरा र क्षेत्र फराकिलो हुने गरी संस्थाको नाम 'गाइड एशोसिएशन अफ पोखरा' हुने गरी नाम परिवर्तन हुने पनि जानकारी दिनुभयो।

शुभारम्भ सत्रमा पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले कोभिडको कारण रोजगार गुमाउन बाध्य गाइडलाई राज्यबाट नै विशेष प्याकेज ल्याएर भूमिका खेल्नुपर्ने जनाउँदै परिषद्ले पनि गण्डकी प्रदेश सरकारलाई यस विषयमा ध्यानाकर्षण गराइरहेको अवगत गराउनुभयो।

कार्यक्रमका अध्यक्ष कृष्ण भारतीले संस्थालाई विभिन्न समयमा सुझाव, सल्लाह र सहयोग पुर्‍याउने व्यक्तिलाई सम्मान पत्रद्वारा सम्मान गर्नुभएको थियो। उहाँले संस्थामा ४७ सदस्य रहेको र पर्यटकीय नगरी पोखरा तथा आसपासका क्षेत्रमा पर्यटन दूतको रुपमा काम गरेर देशलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउन उनीहरूको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो। कार्यक्रममा परिषद् आबद्ध सङ्घसंस्थाका पदाधिकारी र पर्यटन व्यवसायीको सहभागिता रहेको थियो।

# स्याङ्जामा पाँच जोन निर्धारण गरी परियोजना संचालन

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २० मंसिर**

स्याङ्जामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत पाँचवटा जोन निर्धारण गरी परियोजना सञ्चालन गरिएको छ।

जिल्लामा हाल सुन्तला र कफी गरी दुई सुपरजोन, मसलाबाली, आँप लिची र भैंसी गरी तीन जोन निर्धारण गरी काम अगाडि बढाइएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका प्रमुख माधव लम्सालले जानकारी दिनुभयो।

प्रमुख लम्सालका अनुसार २०७३ सालको साउनदेखि पुतलीबजार नगरपालिकाका आठ वडा, भीरकोटका छ वडा, अर्जुनचौपारीका दुई वडा र वालिङ नगरपालिकाको एउटा वडा गरी १७ वडामा कूल एक हजार १०० हेक्टर क्षेत्रफलमा सुन्तला जोन निर्धारण गरी काम सुरु गरिएको थियो। सत्र वडामा मात्रै सीमित रहेको सुन्तला जोनलाई २०७५/७६ मा विस्तार गरी पुतलीबजार, भीरकोट, वालिङ नगरपालिका र अर्जुनचौपारी गाउँपालिकाका १९ वटा वडामा कूल एकहजार १५० हेक्टर क्षेत्रफल बनाइएको थियो। हाल सुन्तला सुपरजोनको कार्यक्षेत्र विस्तार गरी कम्तीमा दश हेक्टर क्लष्टरमा सुन्तलाखेती हुने स्याङ्जाका सबै वडालाई समेटेर कूल एक हजार ५८५ हेक्टर क्षेत्रफलमा विस्तार गरिएको कार्यालय प्रमुख लम्सालले जानकारी दिनुभयो।

त्यस्तैगरी २०७५/७६ मा पुतलीबजारका १४ वटै वडा, भीरकोटका वडा नं ५ र ८ तथा गल्याङका वडा नं २, ७ र ११, फेदीखोलाका वडा नं १, २, ३ र ४, आँधीखोलाका वडा नं २, ३, ४ र ६, अर्जुनचौपारीका वडा नं १, २ र ६, बिरुवाका वडा नं १ र ४, वालिङका वडा नं ४ र १४ लाई समेटेर कफी सुपरजोन निर्धारण गरिएको छ। कफी सुपरजोनअन्तर्गत हाल ११५ हेक्टर क्षेत्रफल रहेको छ।

विसं २०७६/७७ मा गल्याङ नगरपालिकाका ११ वडालाई समेटेर मसलाबाली जोन निर्धारण गरिएको थियो। हाल कार्यक्षेत्र विस्तार गरी कम्तीमा १० हेक्टर क्लष्टरमा अदुवा तथा बेसारखेती हुने गल्याङ, वालिङ, चापाकोट नगरपालिका र कालीगण्डकी गाउँपालिकाका सबै वडालाई समेटेर कूल २४५ हेक्टर क्षेत्रफलमा मसलाबाली जोन सञ्चालन गरिएको कार्यालय प्रमुख लम्सालले बताउनुभयो।

विसं २०७८/७९ मा चापाकोट नगरपालिकाका १० वडालाई समेटेर आँप/लिची जोन निर्धारण गरिएको छ। वालिङ नगरपालिकाका १४ वटै वडा, गल्याङ नगरपालिकाका छ वडा र भीरकोट नगरपालिकाका छ वडालाई समेटेर चालू आर्थिक वर्षको सुरुआतदेखि नै भैंसी जोन कार्यक्रम अगाडि बढाइएको छ। विशेष गरी प्रमुख कृषि उपजको विशिष्टकृत क्षेत्र निर्माण गर्ने, निर्यातयोग्य कृषि वस्तुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजागारीका अवसर सिर्जना गर्ने र बहुसरोकारवाला निकायबीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने मुख्य उद्देश्यले परियोजना सञ्चालन गरिएको हो। विसं २०७३ साउनदेखि सुरु भएको परियोजना २०८२ असारसम्म दशवर्ष सञ्चालन हुने भएको हो। दश वर्षसम्म सञ्चालन हुने परियोजना अवधिभर कूल रु एक खर्ब ३० अर्ब ७४ करोड २० लाख लाग्ने अनुमान गरिएको छ।

## राजदूतत्रयको...

उत्पादकत्व घट्नु, हिंसामा परेका महिलाहरुले लिएको मानसिक चिन्तनले काममा बाधा आउनु सबै व्यवसाय क्षेत्रमा देखिएका महिला हिंसाका उदाहरण भएको भनाई उहाँको थियो। पर्यटनको क्षेत्रमा महिलालाई प्रदर्शन गर्ने प्रवृति मौलाउँदा हिंसात्मक गतिविधिको न्यूनिकरणमा समस्या आइरहेको तर्क उहाँले गर्नुभयो। उहाँले महिलाहरुको मुद्धाहरुलाई सरकारले सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुभयो। पोखरा उद्योग बाणिज्य संघकी सदस्य शोभा गौतम र सफल महिला व्यवसायी विन्दु कोइराला सुवेदी लगायतले आफ्नो अनुभव सुनाएको कार्यक्रमको अध्यक्षता पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) की अध्यक्ष रेनु थापाले गर्नुभएको थियो भने कार्यक्रमको संचालन शोभा न्यौपाने पाण्डेले गर्नुभएको थियो।

# एघारौं पोखरा महोत्सव पुष २८ देखि माघ ९ सम्म, ४१ उपसमिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २० मंसिर**

एघारौं पोखरा महोत्सव आगामी पुषको २८ देखि माघको ९ गतेसम्म हुने भएको छ।

युनाईटेड क्लव पोखराको आयोजनामा पोखराको अमर सिंह चौरमा महोत्सव हुने आयोजक युनाईटेड क्लवले जनाएको हो। महोत्सवलाई भव्य र सभ्य बनाउनका लागी विभिन्न उपसमिति तथा सल्लाहकारहरु चयन गरेको छ। कोभिड १९ का अघिल्लो वर्ष महोत्सव हुन सकेको थिएन।

सोमबार बसेको क्लवको बैठकले युनाईटेड क्लवका अध्यक्ष राजु श्रेष्ठ मुल आयोजक समिति संयोजक रहने गरि ४१ वटा उपसमितिहरु गठन गरेको छ। जस अन्तर्गत कार्य सम्पादन उपसमिति संयोजकमा क्लवका निवर्तमान अध्यक्ष लालकाजी गुरुङ, अतिथी ब्यवस्थापन उपसमितिको संयोजकमा क्लवका संस्थापक अध्यक्ष हिमालय बखेल, संघ संस्था ब्यवस्थापन उपसमिति संयोजकमा क्लवका पूर्व अध्यक्ष सुक बहादुर गुरुङ, सांस्कृतिक उपसमिति संयोजकमा क्लवका प्रथम उपाध्यक्ष लोक बहादुर थापा, सचिवालय उपसमिति संयोजकमा क्लवका द्धितिय उपाध्यक्ष गणेश तिमिल्सिना, प्रचार प्रसार उपसमिति संयोजकमा क्लवका महासचिव शान्त बहादुर थापा, अर्थ ब्यवस्थापन उपसमिति संयोजकमा क्लवका कोषाध्यक्ष सूर्य बहादुर बानिया, सुरक्षा ब्यवस्थापन उपसमिति संयोजकमा क्लवका सचिव दिनेश सुनार, स्टल ब्यवस्थापन उपसमिति संयोजकमा क्लवका सह कोषाध्यक्ष पूर्णकला पोखेल, खाजा खाना ब्यवस्थापन उपसमिति संयोजकमा क्लवका सदस्य सीमा गुरुङ, बाल उद्यान उपसमिति संयोजकमा क्लवका सदस्य सन्तोष कार्की, ब्यानर ब्यवस्थापन उपसमिति संयोजकमा क्लवका सदस्य जयराम आचार्य, अवार्ड तथा मायाको चिनो ब्यवस्थापन संयोजकमा क्लवका सदस्य दिवानी सुवेदी, मुलद्धार ब्यवस्थापन उपसमिति संयोजकमा क्लवका सदस्य बिष्णु कुमार गुरुङ, टिकट ब्यवस्थापन उपसमिति संयोजकमा क्लवका सदस्य पूर्ण कुमार श्रेष्ठ, अतिथि सत्कार संयोजकमा क्लवका सदस्य चन्द्रा कुमारी पराजुली, स्वयंसेवक परिचालनमा क्लवका सदस्य शिव थापा लाई चयन गरिएको छ। त्यसैगरी बीमा ब्यवस्थापन समिति संयोजकमा क्लवका सल्लाहकार राजेन्द्र बहादुर थापा, मुल्याङ्कन उपसमिति संयोजकमा क्लवका सल्लाहकार शुसिलराज पराजुली, अनुगमन उपसमिति संयोजकमा क्लवका सल्लाहकार सम्मर बहादुर श्रेष्ठ, यातायात ब्यवस्थापनमा क्लवका सल्लाहकार श्याम कृष्ण श्रेष्ठ, झाकी तथा र्‍यालीमा क्लवका सल्लाहकार पवित्रादेवी गुरुङ, प्रायोजक ब्यवस्थापनमा क्लवका सल्लाहकार लिल बहादुर जिसी, विद्यालय समन्वयमा क्लवका सल्लाहकार लिलाधर अधिकारी पर्यटन प्रवर्द्धनमा गोपाल गुरुङ, सरसफाईमा बिजय कार्की, खानेपानीमा अमर खतिवडा, स्वास्थ्यमा नरहरी पनेरु, ट्राफिक ब्यवस्थापनमा कृष्ण बहादुर थापा मगर, मञ्च ब्यवस्थापनमा शान्ति सुवेदी, हस्तकलामा सविता श्रेष्ठ रन्जित, फोटो तथा भिडियोमा नविन कुमार श्रेष्ठ, विधुतिय सुरक्षामा राजेन्द्र तिवारी, पार्किङ ब्यवस्थापनमा उमेश थापा मगर, विधुत ब्यवस्थापनमा हरि श्रेष्ठ, प्रकाशन तथा मुद्रणमा सावित्री थापा,स्मारक निर्माणमा रिम बहादुर क्षेत्री, पृष्ठपोषणमा राम बहादुर थापा, मिडिया कोअडिनेटरमा गिता राना र कार्यालय सचिवमा रेजीना खत्री रहेका छन।



त्यसैगरी महोत्सवको सल्लाहकारहरुमा विश्वप्रकाश लामिछाने, क्याप्टेन फत्ते बहादुर गुरुङ, तीर्थलाल श्रेष्ठ, मेजर हितमान गुरुङ, प्रेम छिरी शेर्पा, गोविन्द घिमिरे, मुक्षेत्र गुरुङ, सेती थापा, रमेश बहादुर कार्की, पोखरा महानगरपालिका वडा नम्बर १२ का अध्यक्ष राम बहादुर कार्की, पोखरा २४ का वडा अध्यक्ष ओम प्रसाद सुवेदी, पोखरा १० का वडाअध्यक्ष राज कुमार गुरुङ, पोखरा ३१ का वडा अध्यक्ष कमल बहादुर थापा, पोखरा १३ का वडा अध्यक्ष लेख बहादुर तामाङ (दर्शन लामा), पोखरा १५ का वडा अध्यक्ष प्रकाश पौडेल, पोखरा १४ का वडा अध्यक्ष प्रेम बहादुर कार्की, पोखरा ११ का अध्यक्ष मोहन बास्तोला रहेका छन भने। त्यसैगरी भरत केसी, निलकण्ठ पोखेल (निश्चल), शंकरनाथ पौडेल, दया बराल, तेज बहादुर गुरुङ, राजेन्द्र बहादुर कार्की, शिव बहादुर वराल, राम बहादुर गुरुङ, जस बहादुर गुरुङ, कृष्ण बहादुर थापा, कृष्ण कुमारी थापा, गोमा पौडेल र मीन गुरुङलाई समेत सल्लाहकारमा चयन गरिएको छ।

# एशिया कप क्रिकेटका लागि खेलाडी छनोट

**रासस**
**काठमाडौं, २० मंसिर**

नेपाल क्रिकेट सङ्घ (क्यान) ले एसिसी यु-१९ पुरुष एशिया कप क्रिकेट प्रतियोगिताका लागि २० सदस्यीय खेलाडीको छनोट गरेको छ।

यही डिसेम्बरमा आयोजना हुने भनिएको उक्त प्रतियोगिताका लागि क्यानले २० सदस्यीय खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको हो। क्यानले हिजोमात्रै सम्पन्न यु-१९ राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने २० खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाइएको जनाएको छ। क्यानका अनुसार नेपाली टोलीले बुधबारदेखि प्रशिक्षण थाल्नेछन्। एशिया कप क्रिकेट संयुक्त अरब इमिरेट्स (युएई)मा डिसेम्बर २० देखि जनवरी २ तारिखसम्म हुने तालिका रहेको छ।

उक्त प्रतियोगितामा नेपालसँगै आयोजक युएई, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, अफगानिस्तान र कुवेतको सहभागिता रहनेछ। बन्द प्रशिक्षणमा छनोट भएका खेलाडीमा देव खनाल, मोहमद हुसेन, वसिर अहमद, सन्तोष कार्की, विवेक यादव, विवेक राना मगर, तिलक राज भण्डारी, सोनु अन्सारी, दिपेश कँडेल र अर्जुन यादव रहेका छन्। त्यसैगरी कमल परियार, अनुजकुमार चुनारा, प्रकाश जैशी, वसन्त कार्की, अर्जुन साउद, शेर मल्ल, राहुल भण्डारी, गुलशन झा, विपिन शाही र आदील अन्सारी छनोटमा परेका छन्।


## कर्मचारी आवश्यकता

यस देवशिल्पी बचत तथा ऋण सहकारी संस्था लि.लाई तपशिल बमोजिमको कर्मचारी आवश्यक भएकोले इच्छुक नेपाली नागरिकले यस संस्थामा आवश्यक कागजपत्र सहित मिति २०७८/०८/२६ गतेसम्म दरखास्त आव्हान गरिन्छ।

पद : बजार प्रतिनिधि
योग्यता : +2 Pass उत्तीर्ण गरेको
संख्या : केही
सुविधा : संस्थाको नियम अनुसार
परीक्षाको किसिम : अन्तरवार्ता

नोट: लाइसेन्स र आफ्नो साधान भएकोलाई विशेष प्राथमिकता दिइने छ।

सम्पर्क:
देवशिल्पी बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा-१०, बुद्धचोक
फोन: ०६१-४३०२४८, ९८५६०३६१७८, ९८४६८७७१४७



घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्।

कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं।

लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपाल, छाला तथा यौन रोगको उपचार

यही मिति २०७८ मंसिर २५ गते शनिबार

काठमाडौं ह्याम्स हस्पिटलमा कार्यरत विशेषज्ञ डा. कमल राज घिताल कपाल, छाला तथा यौन रोग विशेषज्ञ यस आरोग्य फार्मेसीमा आउनुहुने भएकोले निम्न समस्या भएका बिरामीहरुले सम्पर्क राख्नुहोला।

परीक्षण तथा उपचार गरिने रोगहरु :-

कपाल: कपाल झरेको, उमेर अगाडि नै टाउकाको अगाडिको भागमा कपाल नभएको, झरेको, कपालमा टाट्‍ परेको, कपालका कुनै पनि समस्या भएका, कुनै रोगका कारण कपाल झरेका, ज्वरो, टाइफाइड, कोभिड आदि कपाल उमार्न, लामो बनाउन, कपाल रोप्न तथा कपाल लामो र बाक्लो बनाउन चाहनु हुने बिरामीहरुले तुरुन्त सम्पर्क राख्नुहोला।



छाला रोग: कालो पोतो, डण्डीफोर, अनुहारमा हुने दागहरु चिलाउने, दुवी, सोरायसिस, नयाँ पुराना छालाका कुनै पनि रोगहरु भएका बिरामीहरुले तुरुन्त सम्पर्क राख्नुहोला।

यौन: यौन रोग तथा समस्या, यौन इच्छा हुने तर कमजोर हुने, कुनै पनि यौन सम्बन्धी समस्या भएका बिरामीहरुले सम्पर्क राख्नुहोला।

बिरामी परीक्षण: बिहान ९ बजेबाट ५ बजेसम्म
फोनबाट पनि नाम दर्ता गराउन सकिनेछ।

सम्पर्क: आरोग्य फार्मेसी
पोखरा-१०, इन्द्रचोक, पोखरा, रंगशाला नजिकै
फोन नं.: ०६१-४३०४०७, ९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# महाधिवेशन देउवा अनुकूल बन्दै

सत्तारुढ नेपाली कांग्रेस १४औं महाधिवेशनको सम्मुखमा पुगेको छ । महाधिवेशनको मिति तोक्दै सर्दै आएको कांग्रेसको केन्द्रीय महाधिवेशन मंसिर २४-२७ सम्म हुँदैछ । प्रदेश दुई बाहेकका ६ प्रदेशमा प्रदेश अधिवेशन पनि सम्पन्न भइसकेको छ । देशभरका झण्डै नौ लाख क्रियाशील सदस्यहरुको प्रतिनिधित्व गरेर चुनिएका करीब ४५ सय महाधिवेशन प्रतिनिधिले कांग्रेसको नेतृत्व चयन गर्नेछन्।सभापति शेर बहादुर देउवा सभापति भएपछि चार वर्षको कार्यकाल पुरा गरेर थप २१ महिना पछि महाधिवेशन हुन लागेको छासभापति देउवा जति समय थपियो त्यति बलियो बन्दै गएका छन । देउवा बलियो बन्दै गएपछि कांग्रेसमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको मुद्दा पनि जोडतोडले उठ्ने गरेको छ । कुरा युवाको गर्ने नेतृत्वमा प्रतिस्पर्धा भने पुराने नेताहरूबीच हुने सम्भावना छ ।

सभापतिका रुपमा देउवाले कार्यकाल दोहोऱ्याउन खोजेका छन् । देउवाकै समकालीन नेता पौडेल पनि दावेदार छन् । उपसभापति विमलेन्द्र निधिले सम्पर्क कार्यालय नै खोलेर सभापतिको तयारी गरेको दुई महिना भयो । महामन्त्री डा. शशांक कोइराला, पूर्वमहामन्त्री प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला र केन्द्रीय सदस्य डा. शेखर कोइरालाले सभापतिको लागि दाबी गर्दै आएका छन । कांग्रेस केन्द्रीय निर्वाचन समितिका अनुसार आइतबारसम्म करीब ४२ सय महाधिवेशन प्रतिनिधि चयन भइसकेका छन् । १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये सर्लाहीका चार र महोत्तरीको एउटा निर्वाचन क्षेत्रमा अधिवेशन हुन बाँकी छ । ती जिल्लामा पनि सोमबारसम्म अधिवेशन सम्पन्न गर्ने कांग्रेसको तयारी छ ।

१४औं महाधिवेशनअन्तर्गत सम्पन्न जिल्ला अधिवेशन र महाधिवेशन प्रतिनिधिबाट संस्थापन समूह उत्साहित देखिन्छ । देउवा अधिल्लो महाधिवेशनभन्दा थप बलियो भएको संस्थापनइतर समूहका नेता महामन्त्री डा शशांक कोइराला स्वीकार्छन् । 'यसपटक जिल्ला र प्रदेशको परिणामले देउवा विगतभन्दा बलियो देखाएको छ 'पार्टी सत्ता र राज्यसत्ताको नेतृत्वमा देउवा भएकोले त्यसको असर महाधिवेशनमा परेको छ । १३औं महाधिवेशनमा २५ जिल्ला सभापति जितेको देउवा पक्षले अहिले ६१ जिल्लाको नेतृत्व चयन हुँदा ३२ जिल्लामा आफूपक्षीय सभापतिलाई जिताएको छ । त्यसमा पनि परम्परागत रुपमै देउवा समूह कमजोर भनिएका भूगोल र जिल्लाहरुमा यसपटक परिणाम फेरिएको छ ।

अघिल्लो महाधिवेशनमाप्रदेश एकका १४ जिल्लामध्ये देउवापक्षले जम्मातीनजिल्ला सभापतिजितेको थियो । तिथिए, मोरङ, धनकुटा र ओखलढुंगा । मोरङ जिल्ला सभापति गुट परिवर्तन गर्दै संस्थापनइतर समूहतर्फ लागेपछि प्रदेश एकमा देउवा थप कमजोर बनेको आकलन कांग्रेसभित्र थियो । तर १४औं महाधिवेशनसम्म आइपुग्दा अघिल्ला महाधिवेशनको दृश्य बदलिएको छ । संस्थापन समूहले झापासहित आठ जिल्लाको नेतृत्व हात पारेको दाबी गरेको छ । सुनसरी र मोरङमाभने संस्थापन समूह तुलनात्मक रुपमा कमजोर देखिएको छ । त्यस्तै कर्णाली प्रदेशका १० जिल्लामध्ये संस्थापन समूहले आठ जिल्ला नेतृत्व आफ्नो पोल्टोमा पारेको छ । रुकुम पश्चिम, कालीकोट र जाजरकोटमा सर्वसम्मत सभापति चयन भए भने दैलेखमा संस्थापन समूहका उम्मेदवार पराजित भए । जबकि १३औं महाधिवेशनमा कर्णालीबाट देउवा समूह क्लिनस्विपको अवस्थामा थियो । हुम्लामा मात्रै देउवानिकट सभापति विजयी भएका थिए । कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको प्रभाव क्षेत्र हो, गण्डकी । कास्कीमा देउवा समूहका उम्मेदवार सभापतिमा विजयी भए भने तनहुँमा पौडेलले समर्थन गरेका उम्मेदवार पराजित भए । गण्डकी प्रदेश अधिवेशनले पनि देउवा समूह कमजोर नरहेको संकेत गरेको छ । प्रदेश सभापतिमा संस्थापन समूहका उम्मेदवार अर्जुन जोशी इतर समुहका उम्मेदवार शुक्रराज शर्मासँग ८४ मतले पराजित भए ।

कर्णाली र सुदूरपश्चिम प्रदेशमा देउवा निकै अगाडि छन्, महाधिवेशन प्रतिनिधि र जिल्ला सभापतिमा । देउवाको गृह जिल्ला रहेको सुदूरपश्चिममा करीब दुई तिहाईभन्दा बढी महाधिवेशन प्रतिनिधि संस्थापन समूहनिकट रहेको दाबी नेताहरूको छ । वाग्मती प्रदेशमा पनि संस्थापन पक्षका ईन्द्र बानियाँले जितेर देउवाको मनोबल बढाउने काम गरेका छन् । पुर्व महामन्त्री प्रकाशमान सिंह र गगन थापाको गठबन्धनलाई कमजोर बनाएको छ । लुम्बिनी प्रदेशमा भने बरिष्ठ नेता रामचन्द्र पौडेल पक्षका अमरसिंह पुनको विजयले केही राहत दिएको छ । प्रदेश २ मा पौडेल भन्दा देउवा र उपसभापति विमलेन्द्र निधि बलियो रहेको हुँदा अन्य प्रदेशको कारण देउवाले फाइदा उठाउन सक्छन् । संस्थापन इतर समूह एक हुन नसक्दा देउवाको निम्ति अनुकूल बन्ने देखिन्छ ।

# गोली लागेर मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, २० मंसिर**

तनहुँको शुक्लागण्डकी नगरपालिका-१ थप्रेकमा गोली लागेर गए राति एक युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सोही ठाउँ बस्ने १७ वर्षीय रोहित मल्ल रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

शिकार खेल्न जङ्गलमा गएको बेला गोली लागेर युवकको घटनास्थलमै मृत्यु भएको प्रहरी नायब उपरीक्षक युवराज खड्काले बताउनुभयो ।

प्रहरीले बन्दुकसहित सोही ठाउँका ४७ वर्षीय सुनबहादुर गुरुङलाई पक्राउ गरेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रनाउ खड्काले जानकारी दिनुभयो । पक्राउ पर्ने गुरुङ मृतकका छिमेकी हुन् ।

# सामूहिकरुपमा च्याउखेती

**पोखरापत्र संवाददाता**
**दमौली, २० मंसिर**

तनहुँको शुक्लागण्डकी नगरपालिका-२ तार्कुडाँडाका किसानले सामूहिक रुपमा च्याउखेती सुरु गरेका छन् । गत वर्षबाट यहाँका किसानले सामूहिक रुपमा च्याउखेती सुरु गरेका हुन् । १६ जना किसान मिलेर सिताके च्याउखेती सुरु गरिएको छ ।

पाँच सय कटुसको मुढामा च्याउ लगाइएकोमा पहिलो वर्ष अपेक्षित उत्पादन नभएको तार्कुडाँडा भङ्गरा कृषक समूहका अध्यक्ष उदयराज खनालले बताउनुभयो । उक्त वर्ष ४७ केजी च्याउ उत्पादन भएको थियो । यसवर्ष भने रहर लाग्दो गरेर च्याउ उत्पादन भएको छ । मुढामा फलेका च्याउले किसानलाई उत्साहित बनाए पनि बजार नपाएपछि भने उनीहरु निराश बनेका छन् । बजार नपाएपछि किसान आफैले च्याउ उपभोग गर्न बाध्य छन् । अन्य च्याउले जस्तो सिताके च्याउले बजार पाउन नसकेको खनालले बताउनुभयो । "मेहनेत गरेर च्याउ फलायौं । एउटै मुढामा सयको हाराहारीमा च्याउ फलेको छ । तर बजार पाउन सकेको छैन", उहाँले भन्नुभयो ।

सिताके च्याउको मूल्य महँगो पर्ने भएकाले बजार नपाएको उहाँले बताउनुभयो । सुरुमा रु ७०० प्रतिकेजीमा बिक्री गरेको च्याउ उत्पादन बढ्न थालेपछि रु ६०० मा बिक्री भइरहेको छ । "बजार पाउन मुस्किल भएपछि अझै मूल्य घटाउने तयारी गरेका छौं", उहाँले भन्नुभयो, "यस क्षेत्रका उपभोक्तले सिताके प्रजातिको च्याउलाई चिन्न सकेका छैनन् ।" यो वर्ष असोज अन्तिमयता २०० केजी बढी च्याउ उत्पादन भइसकेको छ । अझै चार महिना उत्पादन हुने भएकाले कसरी बेच्ने यही चिन्ताले किसानलाई सताएको छ । अहिले उत्पादित च्याउ यहाँका कोत्रे, दुलेगौँडा, खैरेनीटार बजार क्षेत्रका घरघरै लगेर बिक्री गरिन्छ । सिताके शुक्लागण्डकीमा नयाँ प्रजाति भएकाले विषालु हुने आशङ्का गर्दै ग्राहकले खरिद गर्न नखोज्ने किसान समूहका सचिव खेम गुरुङले बताउनुभयो । "पहिलो चरणमा त हामीले जनप्रतिनिधिलाई बेचेका छौं । जनप्रतिनिधिले किनेपछि त अरुले पनि किन्लान नी भन्ने आशा पलाएको छ", उहाँले भन्नुभयो, "पार्टी प्यालेस, होटल, रेष्टुरेन्टमा पनि बिक्रीका लागि प्रयास गरेका छौं ।" किसानले च्याउ खेतीमा हालसम्म झण्डै रु पाँच लाख लगानी गरेका छन् । शुक्लागण्डकी नगरपालिका-२ कार्यालयले बीउ खरिदमा गत आर्थिक वर्षमा रु ५० हजार अनुदान दिएको थियो । त्यसका लागि समूहमा आबद्ध किसानले रु ४८ हजार लगानी गरेका थिए । बाङ्गेरह थेप्चे र तारा सामुदायिक वनले च्याउ उत्पादन गर्न आवश्यक कटुसका मुढा निःशुल्क दिएको छ । तार्कुडाँडा भङ्गरा खानेपानी उपभोक्ता समितिले निःशुल्क आवश्यक पानी उपलब्ध गराएको छ । कटुसका स्याउलाले छाएर स्थानीय स्रोतसाधन प्रयोग गरी च्याउ लगाउन टनेल बनाइएको छ । छानोमा स्याउलाको सट्टा जुट राख्न उपयुक्त भए पनि उत्पादित च्याउले बजार नपाएपछि रकम अभावमा राख्न नसकेको गुरुङले बताउनुभयो । "स्थानीय सरकार र कृषि ज्ञान केन्द्रसँग अनुदान भन्दा च्याउ खेतीमा आवश्यक औजारको अपेक्षा छ", उहाँले भन्नुभयो । किसानका अनुसार सिताके च्याउले असोजको अन्तिमदेखि फागुन दोस्रो साताासम्म उत्पादन दिन्छ । एक पटक मुढामा बीउ रोपेपछि पाँच वर्षसम्म अर्थात मुढा नकुहिएसम्म उत्पादन दिने बताइन्छ ।

# कांग्रेसको प्रदेश अधिवेशन र लोकसेवाको परीक्षाले राहत

**पोखरापत्र संवाददाता**
**पोखरा, २० मंसिर**

नेपाली कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत भएको गण्डकी प्रदेश अधिवेशन र लोकसेवा आयोगका विभिन्न परीक्षाका कारण पछिल्लो हप्ता पोखराको पर्यटनमा राहत मिलेको छ ।

कोरोना कहरका कारण प्रभावित भइरहेको पोखराको पर्यटनलाई आन्तरिक पर्यटनले केही मात्रामा भए पनि भरथेग गरिरहेको अवस्थामा कांग्रेसको प्रदेश अधिवेशनमा आएका एघार सय भन्दा बढी प्रतिनिधिसँगै पर्यवेक्षक तथा कांग्रेसी कार्यकर्ता र लोकसेवाका विभिन्न पदका लागि परीक्षा दिन आएका परीक्षार्थीका कारण पछिल्लो हप्ता पोखराका होटेल भरिएका थिए । कांग्रेसको अधिवेशनमा एघार सय प्रतिनिधिका लागि लेकसाइडका होटेलमा बस्ने व्यवस्था मिलाइएको थियो । प्रतिनिधिसँगै सङ्घीय संरचनाअनुसार पहिलो पटक भएको अधिवेशन हेर्न दूलै सङ्ख्यामा जिल्ला-जिल्लाबाट आएका पर्यवेक्षक एवं कार्यकर्ताले पोखरा भरिएको थियो । कांग्रेस अधिवेशन र लोकसेवाको परीक्षाले यहाँका होटेल व्यवसायीलाई दूलै राहत पुगेको पश्चिमाञ्चल होटेल सङ्घ(हान) पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार अधिवेशन र परीक्षाका कारण पछिल्लो हप्ता साना तथा मझौला होटेलको क्षमताको ७० देखि ८० प्रतिशतसम्म भरिएका थिए । ठूला होटेलमा भने सोही अनुपातमा पर्यटक नभरिए पनि केही न केही राहत भने पुगेको उहाँले जानकारी दिनुभयो । पोखरा पर्यटकीयस्थल हुनुका साथै गण्डकी प्रदेशको राजधानी भएका कारण राष्ट्रिय एवं प्रदेशस्तरका कार्यक्रमले यहाँको होटेल व्यवसायमा समय-समयमा सहयोग पुग्ने गरेको लेकसाइडस्थित होटेल एशियाका सञ्चालक धर्मराज पन्थीले बताउनुभयो ।

# बरेङ गाउँपालिका जोड्ने सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० मंसिर**

कुश्मीशेरा-बरेङ-शान्तिपुर सडकअन्तर्गत जैमिनी नगरपालिका-१० राङ्खानीदेखि बरेङ गाउँपालिका-१ चित्रेसम्मको सडक स्तरोन्नति तथा कालोपत्रेको काम सुरु भएको छ । गण्डकी प्रदेश सरकारको पालिका मुकाम जोड्ने सडक कालोपत्रे गर्ने योजनाअन्तर्गत यो सडकको ११ किलोमिटर खण्डको काम सुरु भएको हो ।

दुई वर्षमा कालोपत्रको काम सक्ने गरी सडक स्तरोन्नतिको जिम्मेवारी पाएको निर्माण कम्पनीले धमाधम काम थालेको छ । चालु आर्थिक वर्षमा सम्झौता भएको सडकको पहिलो चरणमा फराकिलो बनाउने काम थालिएको निर्माण कम्पनी रौताहा खानी धुलिखेल जेभी कन्ट्रक्सनका साइड इन्चार्ज खेमराज सुवेदीले जानकारी दिनुभयो । "अहिले छवटा मेसिनले काम गरिहेका छन्, आवश्यक गिट्टी, कङ्क्रिट तयार गर्ने काम भइरहेको छ", उहाँले भन्नुभयो, "मजदुर आइपुगेका छन्, अब मजदुरले गर्ने काम सुरु हुन्छ ।" बरेङलाई सदरमुकाम र प्रदेश राजधानीसँग जोड्ने छोटो दूरीको सडक भएकाले समयमा निर्माणको काम सक्न दबाब छ ।

विसं २०५४ मा नक्साङ्कन गरिएको यो सडकको १५ वर्षअघि ट्याक खुलेको थियो । बागलुङको मालढुङ्गादेखि कुश्मीशेरा खण्डमा विभिन्न क्लस्टरमा काम भइरहेको छ । कुश्मीशेरा, देवलधारा १० किमी खण्डको स्तरोन्नति तथा कालोपत्रेको काम म्याद सकिँदासम्म ३५ प्रतिशत सकिएको छ । म्याद थप भएकाले यो खण्ड र देवलधारादेखि नम्दुक हुँदै चित्रे खण्ड तयार हुँदा बरेङलाई सहज हुने गाउँपालिका अध्यक्ष कृष्णप्रसाद शर्माले बताउनुभयो । "हामीले काममा आउने बाधामा सहजीकरण गरिरहेका छौं, समयमा काम थाल्न र समयमा सक्न भनेका छौं", उहाँले भन्नुभयो, "यो बरेङका लागि अत्यावश्क सडक हो ।"

सडक फराकिलो र कालोपत्र हुँदा बरेङको आर्थिक विकासमा सहयोग पुग्ने गाउँपालिकाको विश्वास छ । प्रदेश सरकारको योजना भए पनि गाउँपालिकाले सडकको काममा चासो दिएको छ । गाउँपालिकाकै स्रोतमा बरेङ बजारमा गत आर्थिक वर्षमा कालोपत्र भएको सडकबाहेक यो सडककै बरेङको पहिलो कालोपत्र सडक हुनेछ । चित्रेदेखि पालिका मुकाम रहेको सुदाला र पालिका मुकामदेखि छिमेकी जिल्ला गुल्मीको शान्तिपुरसम्मको सडक कालोपत्रका लागि समेत पहल भइरहेको छ । गत आर्थिक वर्षमा पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट गाउँपालिकाले पालिका मुकामदेखि शान्तिपुर सडकको केही खण्ड फराकिलो बनाएको थियो ।

# पर्वतको फलेवास नगरपालिकामा नेकपा (एस)को नगर कमिटि घोषणा

**पोखरापत्र संवाददाता**
**पर्वत, २० मंसिर**

नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी फलेवास नगरपालिकाको प्रथम भेला सम्पन्न भएको छ । भेलाले कृष्ण लम्साल अध्यक्ष र बिष्णु रिजाल सचिव रहेको ४३ सदस्यीय नगर कमिटि घोषणा गरेको छ ।

भेलाको उद्घाटन कार्यक्रममा बोल्दै नेकपा एकिकृत समाजवादी स्थायी कमिटिका सदस्य तथा गण्डकी प्रदेश अध्यक्ष रामजी शर्माले दक्षिणपन्थी र निरंकुशताका बिरुद्ध एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले कम्युनिष्ट पार्टीलाई श्रमजीविको पार्टी बनाउन र समाजवादको लक्ष्य हाँसिल गर्नका लागि एकिकृत समाजवादीमा आवद्ध हुन समेत आग्रह गर्नुभयो ।

कार्यक्रममा बोल्दै नेकपा एकिकृत समाजवादीका केन्द्रीय सदस्य तथा पर्वत जिल्ला कमिटिका अध्यक्ष मोती प्रसाद पौडेलले कम्युनिस्ट आन्दोलनको लामो संघर्षबाट प्राप्त भएको उपलब्धीलाई रक्षा गर्नका लागि र निरंकुश चरित्रलाई चुनौती दिन नयाँ पार्टीको जन्म भएको बताउँदै सबै कम्युनिष्ट श्रमजीबिहरु नेकपा एकिकृत समाजवादीमा गोलबन्द हुन आग्रह गरेका थिए ।

कार्यक्रममा नेकपा (एस) केन्द्रिय लेखा आयोगका सचिब हरिकुमार श्रेष्ठ, खेलकुद महासंघ सदस्य रामेश्वर गौतम, प्रदेश सम्पर्क कमिटिका उपसचिब तुलसी पौडेल, जगन्नाथ घिमिरे लगायतले बोलेका थिए । कृष्ण लम्सालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन बिष्णु रिजालले गरेका थिए । सोही भेलाले सुमन गौडेलको अध्यक्षतामा ६१ सदस्यीय फलेवास नगर युवा संघ नेपालको घोषणा गरेको छ । यस्तै भेलाले अमृतराज लम्साल अध्यक्ष, सुदिप आचार्य सचिव र सन्देश लामिछाने ईन्चार्ज रहने गरि २१ सदस्यीय अनेरास्ववियूको नगर कमिटीको निर्माण गरेको छ ।


## शिक्षक आवश्यकता

यस विद्यालय व्यवस्थापन समितिको मिति २०७८/०८/१७ को निर्णय र मादी गाउँपालिका च.नं. ६६० मिति २०७८ /०८/१९ को प्राप्त पत्र अनुसार यस विद्यालयको प्रा.वि. तृतीय श्रेणीको रिक्त दरबन्दीमा करार शिक्षक पदपूर्तिको लागि २०७८/०९/०६ सम्म योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

तपशिल

तहः आधारभूत तह, तृतीय श्रेणी संख्याः १ जना

योग्यता– न्यूनतम कक्षा १२ पास वा सो सरह

आवश्यक कागजातहरुः

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०७८/०९/०६ गतेसम्म

निवेदन दस्तुरः रु १०००/-( एक हजार मात्र)

परीक्षाको किसिमः लिखित, अन्तवार्ता र आवश्यक परेको खण्डमा कक्षा अवलोकन

तलबः नेपाल सरकारको प्रचलित स्केल बमोजिम

परीक्षाको मिति र स्थान सम्पर्क मितिमा तोकिने छ ।

सम्पर्क मितिः २०७८/०९/०६

सम्पर्क नं.: ९८४६५५१०३२

प्रधानाध्यापक
सोमप्रसाद गुरुङ (प्रसान्त)

**श्री नारायण आधारभूत विद्यालय**
**मादी गाउँपालिका वडा नं. ८, रबैडाँडा, कास्की**



## निक्षेप उपरको हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मितिः २०७८/०८/२१)

यस बिकास बैंकको शाखा कार्यालय वालिङ, स्याङ्जामा खाता भएको स्याङ्जा जिल्ला साबिक मल्याङकोट गा.वि.स. /ग.पा. /न.पा. वडा नं.०४ र हाल वालिङ गा.वि.स. /ग.पा. /न.पा वडा नं. ०४, चिहिरा स्थित स्थायी बसोबास भएको श्री/श्रीमती कुन्ती माया गाहाको नाममा यस शाखा कार्यालयमा बचत खाता नं. ००१०१३००७३७९१३००००१ रहेको र निजको मिति २०७७/१०/२८ मा मृत्यु भएकोले मिति २०७७/११/१४ गा.वि.स. /ग.पा. /न.पा. को मृत्यु दर्ता नं. २०२८०६०४०१३३७-२ प्रमाणपत्र अनुसार निज कुन्ती माया गाहाको नाउँको खातामा इच्छाइएको व्यक्ति नभएकोले सोहि गा.वि.स. /ग.पा. /न.पा ऐ.ऐ. ठेगानामा बसोवास गर्ने उहाँको छोरा श्री/श्रीमती डम्बर बहादुर मगरले स्थानीय वालिङ गा.वि.स. /ग.पा. /न.पा. कार्यालयको सिफारिस सहित मृतक कुन्ती माया गाहा नाउँको यस बिकास बैंकमा माथि उल्लेखित शाखामा रहेको खाताको रकम पाउँ भनी आवश्यक कागजात सहित यस बिकास बैंकमा पेश गर्नुभएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस बिकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ । अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री डम्बर बहादुर मगरलाई उल्लेखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको लागि यो सूचना प्रकाशित गरिएको छ ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : व्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : मानसिक तनाव |
| कर्कट | : शारीरिक झमेला | मकर | : आर्थिक समस्या |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : कार्यमा सफलता |


**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सराङकोट सहकारीको वार्षिक उत्सवको अवसरमा विद्यार्थीलाई पोशाक बितरण

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर

सराङकोट बहुउद्देश्यीय सहकारी को १५ औ बार्षिक उत्सवको अवसरमा सप्ताब्यापी कार्यक्रम गत शुक्रबार देखि सुरु भएको छ।

संस्थाको स्थापना देखि रेडियो सराङकोटको प्रसारण सामाजिक उत्तरदायित्वका लागी बिविध सामाजिक शिक्षा, स्वास्थय वातवरण मैत्री सदस्य सेवा कार्यक्रमहरु गरिदै आएको अध्यक्ष कृष्ण बहादुर थापाले बताए।

संस्थाले बार्षिक उत्सवको अबसर पारी विधार्थीहरुलाई शैक्षिक पोशाक वितरण, रत्तदान, स्टार डाग्नोष्टिक सेन्टर को सहकार्यमा होलबोडी चेकअप र रगत परिक्षण गरिने भएको छ।




सप्ताब्यापी कार्यक्रम अर्न्तगत पोखराको एलेन्जल विद्यालय लमाचौर, महेन्द्र मा.वि नवप्रभात मा.वि, श्रीराम आधार भुत विद्यालय, शान्ता मा.वि का ३५ जना विधार्थीहरुका लाई पोशाक वितरण गरीएको छ।

संस्थाका अध्यक्ष कृष्ण बहादुर थापाको सभापत्तित्वमा भएको कार्यक्रममा पूर्व अध्यक्ष प्रेम बहादुर जि.सी सल्लाहकार इन्द्र कमल मानन्धर कोषध्यक्ष राममणी पौडेल सहसचिव माया कुमारी शर्मा, जाल्पादेबी महिला उद्दार संस्थाकी अध्यक्ष राधिका थापा संचालक सदस्यहरु रमेश कुमार थापा, तारा देबी थापा, विकल पौडेल, शिक्षा समिति सदस्य श्यामकृष्ण थापा, बिनोद प्रसाद ढगोल लगायतले आफ्नो भनाई राखेका थिए।

पोशाक बितरण कार्यक्रममा श्रीराम आधारभुत बिधालयका प्रधानध्यापक तिर्थराज न्यौपाने, शान्त मा.वि का विष्णु कुमार भट्राई लगायतले प्राप्त सहयोगले बिधार्थीलाइ प्रोत्साहित गरेको बताए। कक्षा ३ देखि नौ कक्षासम्मका विधार्थीहरु का लागी पोशाक न्यानो कपडा वितरण गरीएको हो।

# न्यायिक समितिद्वारा १३२ मुद्दा फस्र्योट

पोखरापत्र संवाददाता
म्याग्दी, २० मंसिर

जिल्लाको मालिका गाउँपालिकाको न्यायिक समितिले हालसम्म १३२ मुद्दा फस्र्योट गरेको छ। मालिकाको न्यायिक समितिमा जिल्लाको सबैभन्दा धैरै मुद्दा दर्ता र फस्र्योट भएको हो।

आर्थिक वर्ष २०७४/७५ देखि २०७८/७९ को कात्तिक महिनासम्म १३६ वटा मुद्दा दर्ता भएकोमा १३२ वटा मुद्दा फस्र्योट गरेको समितिका संयोजक तथा गाउँपालिकाका उपाध्यक्ष खरमाया बिटालुले बनाउनुभयो। "अधिकांश मुद्दाका दुई पक्षबीच मेलमिलाप गरेर समाधान गरिएको छ", उहाँले भन्नुभयो, "धैरैजसो पारिवारिक, घरजग्गा र लेनदेन सम्बन्धी मुद्दा आउँछन्।" आर्थिक वर्ष २०७४/७५ का ६० र २०७५/७६ मा ५६ वटा मुद्दा दर्ता भएकोमा सबै मुद्दा सोही वर्ष फस्र्योट भएका थिए।

२०७६/०७७ मा दर्ता भएका ५३ मध्ये ५२, २०७७/७८ का ३२ मध्ये २२ वटा फस्र्योट भएका थिए। चालु आर्थिक वर्षको चार महिनाको अवधिमा चार वटा दर्ता भएकोमा दुई वटा फस्र्योट भएका छन्। बिटालुको संयोजकत्वमा दोरण शेरचन र भीम पुन सदस्य रहेको न्यायिक समितिले परेका उजुरीको दुवै पक्षलाई छलफल गराई विवाद समाधान गराउँदै आएको छ। मालिकामा ३६ मेलमिलापकर्ता छन्। स्थानीयस्तरमै न्यायिक काम हुँदा अदालत र प्रहरीमा धाउनुपर्ने समय र त्यहाँ जाँदा हुने खर्च बचेको सेवाग्राहीले बताएका छन्। न्यायिक समितिको इजलास स्थापना गरे पनि कानूनी विशेषज्ञको आवश्यकता खड्किएको उपाध्यक्ष बिटालुले बताउनुभयो।

यसैगरी बेनी नगरपालिकाको न्यायिक समितिले गत वर्ष १९ वटा उजुरी परेकोमा १७ वटाको फैसला गरेको छ। मङ्गला गाउँपालिकाले गत आर्थिक वर्षमा ७३ वटा उजुरी दर्ता भएकोमा ६६ वटा फैसला भएको र यस वर्ष दर्ता भएका छ वटा मुद्दा फस्र्योटको क्रममा रहेको छ। रघुगङ्गाकी उपाध्यक्ष कमला तिलिजाले गत वर्ष नौवटा उजुरी दर्ता भएकोमा पाँच वटा मेलमिलाप भएको, दुई अदालतमा पठाइएको र दुई यस वर्षलाई जिम्मेवारी सरेको जानकारीदिनुभयो। उहाँले इजलास नहुँदा न्यायिक समितिको कामकाज प्रभावित बनेको बताउनुभयो।

# तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

(दोस्रो प्रकाशित मिति २०७८/०८/२१)

**यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा मिति २०७८/०७/१६ मा अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिका मार्फत ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।**

**तपशिल:**

| सि.नं. | ऋणी सदस्यको नाम थर | धितो विवरण |
|---|---|---|
| १ | • सोम बहादुर वि.क.को बुहारी अशोक कुमार वि.क.को श्रीमती तनहुँ जिल्ला मनपाङ गा.बि.स. वडा नं. ९ बस्ने ऋणी : लालीमाया वि.क. • सोम बहादुर वि.क.को छोरा तनहुँ जिल्ला मनपाङ गा.बि.स. वडा नं. ९ बस्ने धनजमानत : अशोक कुमार वि.क. | लालीमाया वि.क. को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला साभुङ भगवती गा.वि.स. वडा नं. १ सिट नं.१/ख को कित्ता नं. १६९ र ३४२ को क्षेत्रफल १-६-३-० र १-६-१-० को जग्गा |
| २ | • गन्ज बहादुर कार्कीको नाति मान बहादुर कार्कीको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १० बस्ने ऋणी : कमल बहादुर कार्की मान बहादुर कार्कीको बुहारी कमल बहादुर कार्कीको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १० बस्ने धनजमानत : उषा कार्की | कमल बहादुर कार्कीको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको छिनेडाडा गा.वि.स. वडा नं. ३ को कित्ता नं. ९९९८ र ४२८७ को क्षेत्रफल ०-८-२-२ र ०-११-१-१ को जग्गा |

**नोटः यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-538833, 537833, 520833, 520933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com

# पोखरामा 'आइटिएफ वर्ल्ड टेनिस सर्किट-२' सुरु

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर

कास्की जिल्ला टेनिस सङ्घको आयोजनामा पोखरामा सोमबारदेखि 'आइटिएफ गर्ल्स/ब्वाइज यू-१८ वर्ल्ड ज्याङ्किङ टेनिस टुर जे-५ सर्किट-२' का खेलहरू सुरु भएका छन्। टेनिस खेलको सर्वोच्च नियमनकारी निकाय अन्तर्राष्ट्रिय टेनिस महासङ्घसँगको सहकार्यमा जिल्ला टेनिस सङ्घले पोखरा रङ्गशालास्थित टेनिस कम्प्लेक्समा आयोजना गरेको सर्किट-१ को सम्मानपछि सोमबारदेखि सर्किट-२ सुरु भएको हो।

पहिलो दिनको खेलमा महिला तथा पुरुष दुवैतर्फ एकलतर्फ २० र डबल्सतर्फ चार खेल सम्पन्न भएकामा नेपाली खेलाडीहरूले मिश्रित प्रदर्शन गरेका छन्। पुरुषतर्फ नेपालका शीर्ष वरियताका खेलाडी आरभ सम्राट हाडा तथा महिलातर्फ दोस्रो वरियताका सलोनी तामाङ र सुभाङ्गी लक्ष्मी राणाले एकलतर्फ जीत निकाल्न सफल हुनुभयो। आरभले भारतका आर्या भट्टाचार्यलाई ६-३ र ६-४ को सोझो सेटमा पराजित गर्नुभयो भने सलोनीले भारतका सोहनी सञ्जय मोहनीलाई टाइब्रेकरमा ६-०, (६-७) र ६-१ ले पराजित गर्दा सुभाङ्गीले बेल्जियमका मिया क्रेस्तेवालाई टाइब्रेकरमा ४-६, ६-२ र ६-३ ले पराजित गर्नुभयो। एकलतर्फको २० खेलबाट महिला र पुरुषतर्फ आठ/आठजना गरी १६ नेपाली खेलाडी पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएका छन्। सर्किट-२ मा नेपालसहित ११ देशका महिला र पुरुष गरी ८८ खेलाडीको सहभागिता रहेको आइटिएफ प्रतियोगिता निर्देशक अजय विष्टले जानकारी दिनुभयो। प्रतियोगिता यही मङ्सिर २५ गतेसम्म सञ्चालन हुनेछ।

# करेन्ट लागेर युवकको मृत्यु

पोखरापत्र संवाददाता
तनहुँ, २० मंसिर

नेटवर्कको काम गर्ने सिलसिलामा करेन्ट लागेर तनहुँमा एक युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा छिमेकी जिल्ला रामपुर-७ पाल्पाका १९ वर्षीय सागर ज्ञवाली रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

जिल्लाको घिरिङ गाउँपालिका-३ सुन्धारा भन्ने स्थानमा आइतबार साँझ नेटवर्कको काम गर्ने क्रममा विद्युत्को तारमा छोएर करेन्ट लाग्दा ज्ञवाली सख्त घाइते भएका थिए। घाइते ज्ञावलीलाई उपचारका लागि पोखरा पठाइएकामा त्यहीँ उनको मृत्यु भएको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो। ज्ञवाली तनहुँको दुलेगौँडास्थित डिभिजिङ नेटवर्क प्रालिको कर्मचारी हुन्।

# धितो लिलाम बिक्री गर्ने २१ दिने अत्यन्त जरुरी सूचना।

(प्रथम पटक प्रकाशित मिति: २०७८/०८/२१)

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अर्न्तगत लिएको कर्जा तथा सोको सावा, ब्याज र हर्जना समेत यस संस्थासँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा बुझाउनु पर्नेमा सो नबुझाएको हुँदा कर्जा भुक्तानी सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत बेवास्ता गरी यस संस्थालाई बुझाउनु पर्ने कर्जा नबुझाई कर्जा तथा सहकारी सुबिधा सम्बन्धि शर्त बन्देज उल्लङ्घन गरेकोले मिति २०७८/०७/१३ गतेको पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्नका लागि ३५ दिने सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्री गरी यस संस्थाको लेना रकम असुल उपर गरी लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलम बिक्री गर्न यो प्रथम पटक २१ दिने धितो लिलाम सम्बन्धि सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्यादभित्र तपशिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्धारा खरिद गरी लिन ईच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र आफुले कबोल गरेको रकम सहित गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं। लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफ ५७, सहकारी ऐन २०७४, करार ऐ २०५६, गण्डकी प्रदेश सहकारी ऐन २०७५, निमावली २०७६ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाईने छैन्। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणीहरु तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असूल उपर गरी लिने व्यहोरा सूचित गरिन्छ।

१. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम : धनबहादुर गुरुङ
पिता: लालबहादुर गुरुङ
बाजे : मोति
ठेगाना: दार्सिङ् दहथम-४ केघा



जमानि कर्ताको नाम र ठेगाना:
नाम: बिलबहादुर गुरुङ
पिता: धनबहादुर गुरुङ
बाजे : लालबहादुर गुरुङ
ठेगाना: दार्सिङ् दहथम-४ केघा
ना.प्र.नं. : ८४८२७/स्याङ्जा



ना.प्र.नं.: १२४९/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: धनबहादुर गुरुङ

| सि.नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | दार्सिङ दहथुम | ०४<br>०४<br>०४<br>०४<br>०४ | ५३<br>११७<br>१७८<br>२३९<br>६९८ | ०.११.३.१<br>५.२.०.१<br>३.१३.०.३<br>०.१४.१.३<br>२०.१५.०.३ | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापता समेत |

२. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम : गुमाकुमारी अर्याल
पति: चार नारायण भन्ने च्याम नारायण अर्याल
बाजे : चोलाकान्त
ठेगाना: सातु पसल-४ घर भै पुतलीबजार-१३



जमानी कर्ताको नाम र ठेगाना:
नाम: हेमराज गौतम
पिता: गंगाप्रसाद गौतम
बाजे : मोतिलाल गौतम
ठेगाना:पुतलीबजार १० हाल पुतलीबजार-१३




ना.प्र.नं.: २४७६/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: गुमाकुमारी अर्याल

ना.प्र.नं. : ७००४५/स्याङ्जा
नाम : चार नारायण भन्ने च्याम नारायण अर्याल
पिता: चोलाकान्त
ठेगाना : सातुपसल-४ हाल पुतलीबजार न.पा-१३ यवादी

| सि. नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | सातुपसल | ०४<br>०४<br>०४<br>०४<br>०४<br>०४ | २३७<br>२८६<br>२८९<br>२९१<br>२९४<br>५१४<br>५१८<br>५१९<br>२८३<br>२३९<br>१९३<br>२५६<br>२९२<br>४६७<br>५१२<br>५२६ | ०.१३.०.१<br>०.१४.०.०<br>०.९.२.१<br>०.१.३.१<br>३.३.१.०<br>०.८.०.०<br>०.८.३.१<br>०.२.३.१<br>१.५.१.२<br>०.२.१.२<br>०.६.३.०<br>२.०.२.१<br>४.३.२.२<br>०.४.३.२<br>३.०.३.३<br>१.१५.३.० | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापता समेत |

३. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम : चित्रबहादुर कार्की
पिता: तिलबहादुर कार्की
बाजे : हिमन्त
ठेगाना: फेदीखोला-१, घर भै हाल फेदीखोला-२
ना.प्र.नं.: ३८२/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: चित्रहादुर कार्की



जमानी कर्ताको नाम र ठेगाना:
नाम: अनिल कार्की
पिता: चित्रबहादुर कार्की
बाजे : तिलबहादुर कार्की
ठेगाना: फेदीखोला-१ घर भै हाल फेदीखोला-२
ना.प्र.नं. : ४२१०६१/९५२८७/स्याङ्जा



जमानी कर्ताको नाम र ठेगाना:
नाम : प्रेमनारायण अर्याल
पिता:नरभुपाल अर्याल
बाजे : खडानन्द अर्याल
ठेगाना : खिलुङ देउराली-९, हालभीरकोट-७
ना.प्र.नं. : ६५१४/स्याङ्जा

| सि.नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | फेदीखोला | ०१ | २६५५ | ०.७.१.० | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सोको लिग लगापता समेत |
| | | पुतलीबजार | ०९ | ४३६७ | ०.२.०.० | " " " |

**श्री कालिका बचत तथा ऋण सहकारी संस्था लि.**
**भीरकोट नगरपालिका-१, स्याङ्जा**
**फेन नं. ०६३- ६२०१७०, १९७**